आज मिति २०८१/११/०४ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| क्र.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री हरिदत्त कंडेल |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. धन्यवाद ज्ञापन गर्ने सम्वन्धमा ।

३. दहत्तर बहत्तरको बोलपत्र सम्वन्धमा ।

४. करार कर्मचारीको म्याद थप सम्वन्धमा ।

५. जग्गा विकास परियोजना स्वीकृतको लागि अनुरोध गर्ने सम्वन्धमा ।

६. नगर विकास समितिको सदस्यमा मनोनयन गर्ने सम्वन्धमा ।

७. समपूरक अनुदान र विषेश अनुदान अन्तर्गतका आयोजना माग गरी पठाउने सम्वन्धमा ।

८. योजना अनुगमन समितिको रिक्त पदमा पदपूर्ती गर्ने सम्वन्धमा ।

९. बसपार्कको समन्वयकर्ता तोक्ने सम्वन्धमा ।

१०. मुद्धाको प्रतिरक्षा गर्ने सम्वन्धमा ।

११. आया (कर्मचारी) हरुको मासीक तलव बृद्धी गर्ने सम्वन्धमा ।

१२. आर्थिक सहायता उपलब्ध गराउने सम्वन्धमा ।

१३. अनुदान सम्वन्धमा ।

१४. कृषि तथा पशुसेवा तर्फका योजना माग गर्ने सम्वन्धमा ।

१५. राष्ट्रिय योजना आयोगमा योजना माग गर्ने सम्वन्धमा ।

१६. आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्वन्धमा ।

१७. विविध सम्वन्धमा ।

निणर्यहरु

निणर्य नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

निणर्य नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा वर्तमान जनप्रतिनिधिको पहिलो कार्यपालिका बैठकबाट बागलुङ नगरलाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने गरी गरेको निर्णय बमोजिम मिति २०८१ माघ ९ गते नेपाल सरकारका उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंहको

प्रमुख आतिथ्यतामा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने कार्य सम्पन्न भएको हुँदा यस कार्यमा सहयोग पुऱ्याउनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, सम्पूर्ण अतिथिगणहरु, कार्यक्रम सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, विद्यालय, विद्यार्थी लगायत सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निणर्य नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राजश्व परामर्श समितिको बैठकबाट दहत्तर बहत्तरको ठेक्का प्रकृया अगाडि बढाउने सन्दर्भमा छलफल भै आवश्यक निर्णयको लागि कार्यपालिकामा पेश हुन आएकोले कालिगण्डकीबाट उत्खनन् हुने दहत्तर बहत्तरको सम्वन्धमा सम्मानीत सर्वोच्च अदालतमा दायर भएको मुद्धा नं. ०७७-WO-१२५६ को मुद्धा सम्मानीत सर्वोच्च अदालतको संयुक्त ईजलासबाट मिति २०८१/०७/११ गते रिट खारेज भै निर्देशनात्मक आदेश जारी भएको तर फैसलाको पूर्णपाठ तयार भैनसकेको हुँदा पूर्णपाठ प्राप्त भए पश्चात फैसलाले निर्देशन गरे बमोजिम कार्यान्वयन गर्ने गरी हाल सार्वजनिक खरिद ऐन अनुसार बोलपत्र आव्हानको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयमा करारमा कार्यरत कर्मचारीहरुको करार म्याद पौष मसान्तमा समाप्त भएको हुँदा करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ बमोजिम ६ (छ) महिना (२०८२ असार मसान्त) सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

निणर्य नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १४ स्थित नारायणस्थान क्षेत्रमा जग्गा विकास कार्यक्रमको लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार उक्त क्षेत्रको जग्गा विकास परियोजना स्वीकृत गर्नको लागि नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबार काठमान्डौमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगर विकास ऐन २०४५ को दफा ४ बमोजिम यस नगरपालिकामा नगर विकास समिति गठन गर्नु पर्ने भएकोले ऐ.ऐनको दफा ४.२.५ र ४.२.६ बमोजिम देहायका व्यक्तिहरुलाई समितिको सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।

तपशिल

(क) नगर विकास ऐन २०४५ को दफा ४.२.५ बमोजिम मनोनित सदस्यहरु

(१) श्री चक्र बहादुर खत्री वडा अध्यक्ष वडा नं. १४,

(२) श्री सीता थापा, कार्यपालिका सदस्य

(३) श्री ढाका बहादुर परियार, कार्यपालिका सदस्य

(ख) नगर विकास ऐन २०४५ को दफा ४.२.६ बमोजिम मनोनित सदस्यहरु

(१) श्री निर्माण कुमार श्रेष्ठ (बासु)

(२) श्री पार्वती आचार्य

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान र विषेश अनुदान अन्तर्गत आर्थिक बर्ष २०८२/०८३ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु माग गरी पठाउने निर्णय गरियो ।

**(१) राष्ट्रिय योजना आयोगमा पठाउने योजना**

**(क) समपूरक अनुदान**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | मुक्तिनाथ बाबा परिक्रमा पन्चकोट, बा.न.पा. वडा नं. ६ | क्रमागत |
| २ | नेपाने डाँडा सीतलचौतारी भगवती चोक गार्लुङ कैया पाखा बाटो झो पु करिडोर गार्लुङ अर्माह सडक | नयाँ |
| ३ | ब्लुहिल पर्यटकीय गन्तव्य निर्माण, बा.न.पा. वडा नं. ९ | नयाँ |

**(ख) विशेष अनुदान**

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम | नयाँ |
| २ | बालमैत्री दिगोपना कार्यक्रम | नयाँ |
| ३ | त्रिभुवन मा.वि. छात्रावास निर्माण, बा.न.पा. वडा नं. १३ | नयाँ |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको योजना अनुगमन समितिको रिक्त रहेको सदस्य पदमा कार्यपालिका सदस्य श्री ज्योति के.सी. विष्ट र प्राविधिक शाखा प्रमुख सदस्य रहने गरी तोक्ने तथा सदस्य सचिवमा योजना शाखा प्रमुखलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा नवनिर्मित बागलुङ बसपार्कको टेन्डर लगायतका प्रकृया पुरा गरी समन्वय गर्नको लागि यस कार्यालयका अधिकृत छैठौ श्री पुरुषोत्तम गौतमलाई समन्वयकर्ता तोक्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा पुनरावेदक दिनेश पन्त र प्रत्यर्थी बागलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी शाखा समेत भएको गैह्रकानुनी रुपमा रोजगारीको अन्त्य गरी पदमुक्त गरिएको (081-1.A-0084) भन्ने मुद्धामा श्री श्रम अदालत भक्तपुरमा उपस्थित भै लिखित प्रतिवाद दर्ता गरी पुर्पक्ष, लगायत मुद्धामा गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि यस कार्यालयका कानुनी सल्लाहाकार श्री अखिलनाथ शर्मालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा पन्ध्रौ नगरसभाबाट **रामरेखा र जनताधन विद्यालय आया प्रोत्साहन शिर्षकमा** विनियोजित भएको रकमबाट यस नगरपालिका अन्तर्गत जनताधन माध्यमिक विद्यालय र रामरेखा आधारभूत विद्यालयमा अपाङ्ग विद्यार्थीहरुलाई स्याहार सुशारको काम गर्दै आएका आया (कर्मचारी) हरुले हाल खाईपाई आएको मासीक तलवमा ०८१ श्रावण १ गते देखी लागु हुने गरी रु ३,०००। अक्षेरुपी तीन हजार रुपैया मात्र थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिकाको कार्यालय, बागलुङमा पेश हुन आएका आर्थिक सहायताको निवेदन सम्वन्धमा देहाय बमोजिम हुने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं | माग गर्ने सस्थाको नाम | रकम रु | प्रयोजन |
|---|---|---|---|
| १. | जेसिआई बागलुङ । | २००,०००। | खेलकुद प्रतियोगिता आयोजना गर्ने । |
| २. | क्षेत्री समाज बागलुङ । | ५०,०००। | संस्कति प्रवर्धन कार्यक्रम अन्तर्गत खुल्ला तिजे गित प्रतियोगिता आयोजना गर्ने । |
| ३. | हरिवोधनी एकादशी मेला | ५०,०००। | संस्कति प्रवर्धन कार्यक्रम अन्तर्गत हरिबोधनी मेला व्यवस्थापन । |

निणर्य नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा पुर्वो नगरसभाद्धारा विनियोजन भै रातो किताबको पेज नं. ५७ सि.नं. २३९, खर्च शिर्षक नं. २५३११ मा उल्लेख भएको धवलागिरी क्याम्पस व्यवस्थापन अनुदान शिर्षकको रु ५००,०००। अक्षेरुपी पाँच लाख रुपैयालाई उक्त क्याम्पसले यस पूर्व अक्षयकोष सञ्चालनको लागि तयार गरेको अक्षयकोष सञ्चालन कार्यविधि २०७९ बमोजिम कार्यक्रम गर्ने गरी अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निणर्य नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा देहाय बमोजिमका आयोजनाहरु यस नगरको आर्थिक विकासको लागि महत्वका आयोजना भएको हुँदा उच्च प्राथमिकतामा साथ आगामी आ.व. २०८२/८३ को बजेटमा समावेश गरी दिन सम्वन्धित मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | गाईभैसी प्रवर्धन कार्यक्रम, बागलुङ नगरपालिका, बागलुङ । |
| २ | मत्स्य प्रवर्धन कार्यक्रम, बागलुङ नगरपालिका, बागलुङ । |
| ३ | धान जोन कार्यक्रम, बागलुङ नगरपालिका, बागलुङ । |
| ४ | तरकारी जोन कार्यक्रम, बागलुङ नगरपालिका, बागलुङ । |
| ५ | सुन्तला जोन कार्यक्रम, बागलुङ नगरपालिका, बागलुङ । |

निणर्य नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ स्थित पाखाथर लिफ्टीङ खानेपानी आयोजनामा पचास हजार लिटर क्षमताको फिल्टर टंकी र एकलाख लिटर क्षमताको रिजर्व टंकी लगायत वितरण प्रणालीसंग सम्वन्धित संरचना निर्माण गर्न आवश्यक देखिएको हुँदा उक्त आयोजनालाई उच्च प्राथमिकताका साथ आगामी आ.व. २०८२/८३ को बजेटमा समावेश गरी आवश्यक बजेट विनियोजन गरिदिन राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं. १६

प्रस्ताव नं. १६ माथि छलफल गर्दा वडा नं. २ र ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि संघीय सशर्त अनुदान शीर्षकमा प्राप्त भएको एकमुष्ठ बजेटबाट बा.न.पा. वडा नं. २ मा स्वास्थ्य चौकी बनाउनको लागि जग्गा अभाव भएको हुँदा उक्त बजेटबाट वडा नं. ६ मा सुविधा सम्पन्न आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।